नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## कर्मचारी कल्याण शाखा

पत्र संख्या : ०७९/०८०

चलानी नं. : ५६६

मिति:२०७९/१२/०१

श्री संवैधानिक आयोगहरु/संघीय मन्त्रालयहरु/विभाग/कार्यालय/निकायहरु सबै

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु (७ वटै प्रदेश)

श्री स्थानीय तहहरु (७५३ वटै)

विषय: प्रतिभा वा आइडिया पठाउन परिपत्र गरिदिने सम्बन्धमा ।

यस मन्त्रालयको चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिभा डवली (Talent Forum) स्थापना गरी राष्ट्रसेवक निजामती कर्मचारीको नीति तर्जुमामा सहयोग, नीति कार्यान्वयन, सेवा प्रवाह तथा विकास निर्माण लगायत सार्वजनिक सरोकारका विषयमा कार्यसम्पादनको सिलसिलामा वा सोका अतिरिक्त आफूमा अन्तर्निहित प्रतिभाको उजागर गर्दै उत्तम नतिजा हासिल गर्ने अवसर प्रदान गर्ने गरी प्रतिभा डवली कार्यक्रम संचालनमा रहेको व्यहोरा सहर्ष जानकारीका लागि अनुरोध छ । यस कार्यक्रमबाट कर्मचारीको प्रतिभा वा आइडियाले सार्वजनिक महत्व राख्न सक्ने भएकोले ताँहा र मातहत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई आफ्ना प्रतिभा वा आइडियालाई संलग्न सूचना बमोजिमको अनलाइन प्रणाली मार्फत् फाराम भरी अडियो तथा भिज्यूयल समेत अपलोड गरी प्रस्ताव पेश गर्नका लागि जानकारी गराईदिनु हुन तथा संलग्न सूचना आफ्नो मन्त्रालयको वेबसाइटमा upload गरिदिनु भै सहजीकरण गरिदिनु हुन यस मन्त्रालय मिति २०७९/११/२८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

साथै उक्त सूचना तथा स्वीकृत प्रतिभा डवली कार्यकम सञ्चालन कार्यविधि, २०७९ यस मन्त्रालयको वेबसाइट www.mofaga.gov.np मा प्रकाशित गरिसकिएको छ ।

(हरि नारायण शर्मा)
शाखा अधिकृत

वोधार्थ

श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सूचना वेबसाइटमा राखिदिने ।

सिंहदरबार, काठमाण्डौं ०१-४२००३०९
इमेल: emp.welfare.section@mofaga.gov.np वेबसाइट: http://www.mofaga.gov.np

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

कर्मचारी कल्याण शाखा

# प्रतिभा डवली कार्यक्रममा ईनोभेटिभ आइडिया पेश गर्ने सम्वन्धी सूचना

*सूचना प्रकाशन मिति २०७९/१२/०१*

संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीमा रहेको प्रतिभाको उजागर गर्न यस मन्त्रालयबाट स्वीकृत प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्रतिभा डबली (Talent Forum) कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कर्मचारीहरुले आफूमा रहेको नवीन सोंच/ईनोभेटिभ आइडियालाई तपशिल बमोजिमको अनलाइन प्रणालीको माध्यमबाट मात्र उपलब्ध गराउनु हुन सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि www.mofaga.gov.np वा talenthunt.mofaga.gov.np मा रहेको "प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" हेर्न सक्नुहुनेछ ।

नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्नु पर्ने समयावधि: सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ।

अनलाइन पेश गर्ने वेवसाइट ठेगाना: talenthunt.mofaga.gov.np

पुनश्च:

(१) नवीन सोच/इनोभेटिभ आइडिया पेश गरी शीर्ष १० मा छनौट हुने स्थान प्राप्त गर्ने प्रतियोगीले प्रत्यक्ष प्रस्तुतीकरण समेत गर्नुपर्नेछ र सो कार्यक्रमको टेलिभिजनमार्फत समेत प्रशारण हुने व्यवस्था मिलाइनेछ ।

(२) प्रतिस्पर्धाबाट छनोट भएका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीलाई सम्मान तथा तोकिएको पुरस्कार प्रदान गरिनेछ ।

(३) मन्त्रालयले उपयुक्त ठहरिएका नवीनसोच/इनोभेटिभ आइडियाहरुलाई राष्ट्रसेवामा उपयोग गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(४) अनलाईन मार्फत नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्न talenthunt.mofaga.gov.np मा गई सर्वप्रथम आफ्नो खाता बनाउनु पर्नेछ । आफ्नो खाता बनाउन कर्मचारी संकेत नम्बर भएका कर्मचारीले "म सँग कर्मचारी संकेत नम्बर छ" भन्ने Tab मा र संकेत नम्बर नभएका कर्मचारीले "म सँग कर्मचारी संकेत नम्बर छैन" भन्ने Tab मार्फत आफ्नो विवरण भरि user name र password entry गरी आफ्नो mobile नं. मा भेरिफिकेशन कोड प्राप्त गर्नुपर्नेछ र सोही आधारमा फारम भरी आफ्नो नवीन सोच/इनोभेटिभ आईडिया पेश गर्नु पर्नेछ ।

(५) नवीन सोच/इनोभेटिभ आइडियाको अनलाइन प्रणाली मार्फत प्रस्ताव पेश गर्ने तरिका (User guidelines) talenthunt.mofaga.gov.np मा समेत हेर्न सकिनेछ ।

(६) एकपटक अनलाईन मार्फत प्रस्ताव पेश भई submission नम्बर प्राप्त भइ सके पश्चात पुन: सच्याउन मिल्ने छैन ।

(७) प्रतियोगीले आफ्नो प्रस्ताव पेश गर्ने क्रममा अडियो/भिडियो कपी समेत upload गर्नु पर्नेछ र सो अडियो/भिडियोमा आफ्नो परिचय खुल्ने कुनै किसिमको सामग्री राख्न पाइने छैन ।

थप जानकारीका लागि यस शाखाको फोन नं ०१४२००३०९ वा शाखा अधिकृत श्री हरिनारायण शर्मालाई ९८५११६८६४८ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

२०७९/१२/०१